# लैङ्गिक तथा सामाजिक समावेशिकरण बजेट परिक्षण

# प्रतिवेदन

## ६ देखि ८, चैत्र

## २०७२




## नगरपालिका

## त्रिपुर, दाङ्ग

## प्रतिञवेदन पेश गर्ने

## कुसुम बिष्ट

## १. पृष्ठभूमि

महिला र पुरुषको समानुपातिक विकास बाट नै समग्र समाजको विकास हुन पुग्दछ । समानुपातिक विकास आजको आवश्यकता हो । समुन्नत परिवार र समग्र समाजको विकासमा महिला र पुरुषको समान दायित्व र योगदान हुन आवश्यक छ । समुन्नत समाजको विकासमा यी दुवै वर्गको समान महत्व हुंदाहुँदै पनि राष्ट्रको समग्र स्थितिमा समानता देखिदैन । आधा जनसंख्या ओगटेको महिलाहरुको विकासमा राज्यले विभिन्न अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिवद्धतालाई समयमा पुरा गर्न राष्ट्रको सम्पुर्ण अंगले विशेष जोड दिनु पर्ने देखिन्छ । नेपालको अन्तरिम संविधान २०६३ ले महिला र पुरुषबीच भेदभाव नहुने वा गर्न नपाइने भने पनि व्यवहारमा समानता छैन । संविधानसभाबाट नयाँ निर्माण हुने संविधानमा महिलाको हक हित, अधिकार संरक्षण गर्न प्रष्ट प्रावधान राखिनु अनिवार्य छ । तसर्थ यसरी निर्माण हुने संविधान, ऐन, नियम,नीतिलाई सहयोग पुऱ्याउन स्थानीय निकायहरुमा लैङ्गीक मूलप्रवाहीकरण प्रक्रियलाई तीब्रता प्रदान गर्न आवश्यक छ ।

स्थानीय निकायको गहन जिम्मेवारीलाई बहन गर्न संस्था आफै लैङ्गिक दृष्टिकोणबाट सक्षम र संवेदनशिल हुन आवश्यक छ । स्थानीय निकायको कार्यलाई बढी प्रभावकारी बनाउन संस्थामा लैंङ्गिक स्थितिको पहिचान र योजनाबद्ध तवरबाट लैंङ्गीक उत्तरदायी विकास प्रकृयालाई संस्थागत गर्न लैंङ्गिक बजेट परिक्षण  आवश्यक भएकोले त्रिपुर नगरपालिकालेलैंङ्गिक बजेट परिक्षण सम्पन्न गरेको छ ।

## २ अध्ययनको महत्व

नगरमा बसोबास गर्ने सबै जातजाती वर्गमा विकासको प्रतिफल पुराउने कार्यमा नगरपालिकाको महत्वपुर्ण भूमिका रहेको हुन्छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले महिला, जनजाती, आदिबासी, दलित, सामाजिक, आर्थिक रुपमा फाईदाबाट बञ्चित समूहहरुको सहभागितालाई बढाएर विकासको प्रक्रियालाई संस्थागत गर्ने पक्षमा जोड दिएर आफ्नो क्षेत्रको विकासका लागि साधनहरुको परिचालन र बाँडफाँडद्धारा सामाजिक समानता ल्याउने उदेश्य राखेको छ । सोही अनुसार स्थानीय निकायले कार्य गर्दै आईरहेको छ ।

स्थानीय निकायको गहन जिम्मेवारीलाई बहन गर्न संस्था आफै लैङ्गिक दृष्टिकोणबाट सक्षम हुन आवश्यक छ । संस्थाको कार्यलाई बढी प्रभावकारी बनाउन संस्थामा लैंङ्गिक स्थितिको पहिचान र योजनाबद्ध तवरबाट लैंङ्गीक उत्तरदायी विकास प्रकृयालाई संस्थागत गर्न लैंङ्गिक बजेट परिक्षण आवश्यक छ । लैंङ्गिक बजेट परिक्षण प्रकृया आफैमा एउटा सहभागितामुलक स्वमूल्याङ्कन भएकोले कर्मचारी तथा पदाधिकारीहरुको व्यक्तिगत तथा संस्थागत कृयाकलापहरुलाई  लैंङ्गिक समानता र महिला सशक्तिकरणको क्षेत्रमा काम गर्न उत्साह जगाउँछ । साथै यस प्रक्रियामा संलग्न कर्मचारीहरुलाई लैंङ्गिक पक्षमा उत्तरदायी हुने तर्फ पनि उन्मुख गराउँदछ ।

यस प्रक्रियाले स्थानीय निकायको लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउन र संस्थागत अपनत्वको भावना जगेर्ना गर्न पनि सघाउँने हुन्छ । परिक्षणद्धारा कार्यक्रम तथा बजेटको विश्लेषण गरी आगामी वर्षको कार्यक्रम तथा बजेटलाई लैंगिक दृष्टिकोणबाट तय गर्न तथा बजेट छुट्टयाउन समेत सघाउ पुऱ्याउँदछ ।

## ३.लैङ्गिक बजेट परिक्षणको उद्देश्यहरु

(क) स्थानीय निकायको आवधिक र बार्षिक योजनामा लैंङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्न ।

(ख) समावेशीकरणको लक्ष्यलाई स्थानीय निकायको संरचना र कार्य योजनामा स्थान दिन ।

(ग) सामाजिक परिचालनको प्रक्रिया अबलम्बन गरी कार्यक्रम संचालित स्थानको लैंङ्गिक पक्षबाट विश्लेषण गर्न ।

**४.अध्यनका क्षेत्रहरु**

क्षेत्र - १ स्थानीय निकायको नीतिमा लैंङ्गिक तथा सामाजिक समावशी विकासमा
विश्लेषण
क्षेत्र- २ स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा
सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण
क्षेत्र- ३ लक्षित कार्यक्रमम
क्षेत्र -४ लैङ्गिक तथा समाजिक समावेशी याजना तर्जुमा, कार्यान्वयन, अनुगमन
तथा मुल्यांकन
क्षेत्र - ५ जि.वि.स. को आन्तरीक संरचनाको लैंङ्गिक विकास पक्षबाट विश्लेषण
क्षेत्र - ६ मानव संसाधन तथा सम्वन्ध विस्तार तथा नेपाल सरकारका
प्रतिवद्धताहरुको लैंङ्गिकपक्षबाट विश्लेषण
क्षेत्र - ७ सुशासन
क्षेत्र - ८ नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र
प्रतिवद्धताहरुको कार्यान्वयन

**५ अध्ययनको तरीका र विधि**

लैङ्गिक बजेट परिक्षणले एउटा पक्षलाई मात्र नभई धेरै पक्षलाई समेटेर स्थानिय निकायलाई सुधारात्मक बाटोमा लैजान पनि मद्दत गर्ने भएकोले विषयवस्तु सुहाउँदो विधि वा प्रकृयाहरु अपनाउन आवश्यक छ । यस परिक्षणमा पहिलो दिन नगरका सरोकारवालाहरु र नगरपालिकाको कर्मचारीहरु र पार्टि प्रतिनिधिहरुलाई लैङ्गिक उत्तरदायि बजेट र लैङ्गिक परिक्षण सम्बन्धि अवधारणागत रुपमा ब्याख्या गरिएको थियो भने दोस्रो दिन नगरका कर्मचारीले त्रिपुर नगरपालिकाको स्वमूल्याङ्कन गरेका थिए । त्यसैगरि अन्तिम दिन नगरका सरोकारवाला, पार्टि प्रतिनिधि र नगरपालिकाको कर्मचारीहरुको माझमा लैङ्गिक परिक्षणबाट आएका नतिजालाई शार्वजनिक गरिएको थियो ।

**६. सहभागिहरु**

| दिन | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| पहिलो दिन | १० | २५ | ३५ |
| दोस्रो दिन | ५ | ७ | १२ |
| तेस्रो दिन | ८ | १७ | २५ |

**७. विश्लेषणका औजारहरु**

- लैङ्गिक पक्षबाट जिल्ला विकास समितिको संस्थागत र कार्यक्रमको माकुरीजालो ग्राफ विधिबाट विश्लेषण
- स्थानीय निकायको सवल र कमजोर पक्ष एवं अवसर तथा चुनौतिहरूको बिश्लेषण

**८.परीक्षणबाट आएका मुख्य प्राप्तिहरु**

**क्षेत्र १. स्थानीय निकायको नीतिमा लैंङ्गिक तथा सामाजिक समवेशी विकास**

१.१. स्थानीय निकायको नीतिमा महिला पुरुष बिचको समविकास तथा समाजिक समाबेशिकरण बिकास सम्बन्धि सोच रहेता पनि दीर्घकालिन रुपमा स्पष्ट नीति बनाइ सकेको छैन साथै महिला र पुरुष बिचको असमानता हटाउन कुनै रणनीति र कार्यनीति पनि हालसम्म बनाइएको छैन । ।

१.२. त्रिपुर नगरपालिकाको निर्णायक तहमा महिलाहरुको प्रतिनिधित्व नरहेको साथै महिला र पुरुष कर्मचारीमा समान सहभागिता पनि नभएको ( १३ पु. कर्मचारी , ४ म. कर्मचारी ) । हाल सम्म कार्यलयमा लैङ्गिक बिकास हेर्ने ब्यक्ति तोकिएको छैन ।

१.३. कार्यलयमा हुन सक्ने हिंसा नियन्त्रणको लागि आचारसंहिता नबनेको र हिंसा भएमा तत्काल सुनवाईको ब्यवस्था पनि नभएको । कार्यलयमा महिला पुरुषको छुट्टा छुट्टै शौचालय नभएको ।

**क्षेत्र २. स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समाबेशि कार्यक्रमको मूल प्रवाहिकरण**

२.१. त्रिपुर नगरपालिकाका कर्मचारीहरुले हालसम्म लैससास तालिम प्राप्त गरेको छैन र तालिमको लागि हालसम्म बजेट विनियोजन पनि भएको छैन ।

२.२. योजना तर्जुमा र कार्यन्वयन गर्दा निर्देशिका बमोजिम उपभोक्ता समितिमा ३३ प्रतिशत महिला सहभागिता भएता पनि उक्त महिला सदस्यहरु तथा पदाधिकारीहरुलाई तालिमको ब्यवस्था गरिएको छैन । त्यसैगरि क्षमता अभिबृद्धि कार्यक्रम र बजेट बांडफांडमा तयारी चरणमा महिला तथा पुरुषलाई समान रुपमा सहभागित पनि गराउने गरिएको छैन ।

२.३.स्थानीय निकायको क्षमता अभिबृद्धि कार्ययोजना नबनेको हुनाले लैससास समितिलाई क्षमता अभिबृद्धि तालिम र लैङ्गिक परिक्षणको लागि बजेटको ब्यवस्था पनि उक्त योजनामा हुन सकेको छैन।

**क्षेत्र ३. लक्षित कार्यक्रम**

३.१ नगरपालिकाले समुदायस्तरको लक्षित वर्गहरुको आधारभूत सूचना संकलन गरेको छैन साथै योजना तर्जुमा गर्दा त्यस्ता लक्षित वर्गको समस्या विश्लेषण गर्ने गरिएको पनि छैन।

३.२. त्रिपुरनगरपालिकाले आफ्नो तर्फबाट बजेट विनियोजन गरि नगर क्षेत्रका महिलाहरुको स्वास्थ्य, शिक्षा र कानून सम्बन्धि विशेष कार्यक्रमहरु हालसम्म संचालन गरेको छैन ।

३.३ कार्यलयले हाल सम्म यस नगरक्षेत्रका महिलाहरुको लागि परिवार नियोजन, मातृशिशु कल्याण , विस्तारित खोप ,जनसंख्या शिक्षा जस्ता कार्यक्रमहरु पनि तर्जुमा गरि कार्यान्वयन गरेको छैन ।

**क्षेत्र ४. लैङ्गिक समानता तथा सामाजिक समावेशि विकास योजना तर्जूमा, कार्यन्वयन, अनुगमन र मूल्याङ्कन**

४.१.नगर स्तरका आधारभूत सुचनाहरुलाई खण्डिकृत गर्ने गरिएको छैन । योजना तर्जुमा गर्दा महिला ,पुरुष तथा पिछडिएको वर्गको छुट्टा छुट्टै आवश्यकता पहिचान नगरिएको साथ साथै योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायि बजेटको अवधारणा अनुसार पनि हुने गरेको छैन ।

४.२.कार्यलयले कार्यक्रम तय गर्दा महिलाको सहभागिता गराए पनि वहांहरुको सक्रिय सहभागिताको लागि खासै पहल हुन नसकेको । हाल सम्म आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक मलूप्रवाहिकरण गर्ने नीति अपनाउन सकिएको छैन । कार्यक्रम तर्जुमा गर्दा लक्षित बर्गको सहभागिता भएपनि त्यस्ता वर्गले योजना कार्यन्वयनबाट पुरा लाभ लिन सके नसकेको बारेमा सुनिश्चिता गर्न नसकेको ।

४.३.योजनाको अनुगमन तथा मूल्याङ्कन गर्दा योजनाले महिला पुरुष र विभिन्न जातजातिलाई पारेको लाभ असर र प्रभावको बारेमा बिश्लेषण नगरिएको र यसको लागि निश्चित नीति  पनि बन्न सकेको छैन । कार्यलयमा लैङ्गिक विकासको असरको अनुगमन गर्नको लागि कुनै नीति नभएको ।

**क्षेत्र ५. आन्तरिक संरचना**

५.१.नगरपालिका अर्न्तगत आदिवासि जनजाति, दलित र महिला समन्वयन समितिहरु गठन भएता पनि  यस वर्गका व्यक्तिहरुको लक्षित वर्गको कार्यक्रम तर्जुमा, कार्यन्वयन र अनुगमन कार्यमा सक्रिय भूमिका नरहेको ।

५.२. महिला विकासको लागि अलग कोषको साथै अलग डेस्कको व्यवस्था   पनि नभएको । लक्षित वर्गको बजेट भएपनि उक्त बजेटबाट पिछडिएको वर्गका महिलाहरुको लागि मात्र छुट्टै किसिमको  कार्यक्रम नबनाईएको ।

५.३. लैससास कार्यन्यन समिति गठन नभएको साथै नगर स्तरमा विभिन्न प्रकारका समन्वय समिति गठन गरिए पनि स्थानीय निकायको कार्यक्रम कार्यन्वयन तथा अनुगमन प्रकृयामा यस्ता समितिहरुको सहभागिताको लागि सुनिश्चितता नगरिएको ।

**क्षेत्र ६. सुशासन**

६.१. नगरपालिकाले समिक्षा बैठकमा महिला, बालबालिका तथा विपन्न वर्ग, जेष्ठ नागरिकको लक्षित कार्यक्रममाथि छलफल गर्ने गरिएको छैन । कार्यलयले सेवा ग्राहिहरुलाई छिटो छरितो हिसाबबाट सेवा दिएपनि लक्षित वर्ग महिला, असक्त र बृद्धबृद्धाहरुको  लागि सेवा अझ छिटो छरितो तरिकाले दिनको लागि  कुनै नीति नरहेको ।

६.२. कार्यलयले सचूना तथा अभिलेख केन्द्रको स्थापना तथा विकाशको लगि बजेटको बिनियोजन हाल सम्म गरेको छैन  र तथ्याङ्ग खासै संकलन नगरिएता पनि उपलब्ध तथ्याङ्कलाई पनि कम्पुटरकृत गरिएको छैन ।

६.३. नगरपालिका स्तरमा महिला बालबालिका सबै जातजातिका विपन्न वर्गहरुको सूचना , शिक्षा र संचार कार्यकमको प्रवाहबाट ति बर्गको जनचेतनामा खासै वृद्धि नभएको हुंदा ति वर्गका व्यक्तिहरुको विकास कार्यमा अपेक्षित रुपमा सक्रिय सहभागिता हुन सकेको छैन ।

**क्षेत्र७. मानव संसाधन व्यवस्थापन**

७.१.कार्यलयमा लैङ्गिक समानता तथा सामजिक समावेशिकरण सम्बन्धि तालिम दिने मानविय स्रोत तथा मानविय इकाई नभएको । कार्यलयमा नगरका श्रोत व्यक्तिहको अभिलेख राखेको छैन।  साथै हालसम्म नगरपालिकाले बैदेशिक रोजगारीमा जाने महिलाहरुको क्षमता बृद्धिका कार्यक्रम गर्न नगरेको  ।

७.२. लैससासको विकासको विभिन्न कार्यलयहरुबिच कार्यगत  सयन्त्र बन्न सकेको छैन जसले गर्दा लैससास विकाशको लागि छलफल भई नियमित रुपमा कार्य हुन नसकेको र यस सम्बन्धि क्षमता विकासका कार्यगर्न पनि सकिएको छैन ।

७.३. नगरपालिकामा योजना तर्जुमा गर्दा महिलाको आवश्यकतालाई विश्लेष गर्ने गरिएको छैन जसले गर्दा महिलाहरुलाई प्राविधिकको रुपमा उत्पादन गर्ने र लोकसेवा आयोगको तयारी कक्षा जस्ता तालिम संचालन भएका छैनन् भने लैससास मूलप्रवाहिकरणको लागि दिर्धकालिन योजना बन्न सकेको छैन ।

**क्षेत्र ८. नेपाल सरकारका लैङ्गिक बिकसका नीति र प्रतिबद्धताहरुको कार्यान्वयन**

८.१.देशले विभिन्न समयमा र फोरमहरुमा  गरेको प्रतिबद्धताहरुको बारेमा नगरपालिकाको कर्मचारी र पदाधिकारीहरुलाई त्यस बारेमा जानकारी गराउने किसिमका कुनै कार्यक्रम नरहेको साथै ति प्रतिबद्धताका बारेमा केन्द्रमा बनेका कार्ययोजना अनुरुपका नगर स्तरीय कार्ययोजना पनि बन्न सकेको छैन ।

८.२.लैङ्गिक हिंसा रहित नगरपालिका घोषणा गरिएको छैन साथै महिला विरुद्ध सबै खाले हिंसा निर्मूलन गर्ने कार्यहरु कोलागि बजेट बिनियोजन हुन नभएकोले गर्दा यस किसिमका कार्यकम नगरमा संचालन गर्न सकिएको छैन ।

.

**९. लैउससास बजेट परिक्षण बीधिवाट देखिएका लैगिंक समानता तथा सामाजिक समावेसिकारणको अवस्था**

**९..१.परीक्षण पश्च्यात सूचकहरुले प्राप्त गरेका अंक**

| सूचक | उप सूचक | प्राप्ताङ्क | कुल अंक |
|---|---|---|---|
| १ | १.१ , १.२, १.३ | १ , ०.५, १ | २.५ |
| २ | २.१, २.२, २.३ | ०.५, २.५, ० | ३ |
| ३ | ३.१, ३.२, ३.३ | ३, २.५, २.५ | ८ |
| ४ | ४.१, ४.२, ४.३ | २.५ , ३, २ | ७.५ |
| ५ | ५.१, ५.२, ५.३ | २, १, १.५ | ४.५ |
| ६ | ६.१, ६.२, ६.३ | १.५, २.५, १.५ | ५.५ |
| ७ | ७.१, ७.२, ७.३ | ०.५, ०, २ | २.५ |
| ८ | ८.१, ८.२, ८.३ | १.५, ३, १.५ | ६ |

## ९.२.मााकुरे जालो




## १०. सबल पक्ष र सूधार गर्नपर्ने पक्षहरु

### क्षेत्र१ स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास

| **१.१.स्थानीय निकायको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण विकास** | |
|---|---|
| **सबल पक्ष** | **सुधार गर्नुपर्ने पक्ष** |
| | महिला पुरुष समविकास तथा सामाजिक समाबेशिकरणका लागि रणनीति , कार्यनीति, उदेश्य र दीर्धकालिन सोच हालसम्म नबनेको । |
| **१.२. महिला पुरुष समबिकास (कर्मचारी पदाधिकारी)** | |
| | लैङ्गिक विकास हेर्ने इकाईको ब्यवस्था हुन नसकेको । स्थानीय निकायको निर्णायक तहमा महिलाको सहभागिता नरहेको साथै अन्य कर्मचारीमा समानता नभएको पाईयो (महिला कर्मचारी ४ र पुरुष कर्मचारी |

| | |
|---|---|
| | १३) |
| **१.३.लैङ्गिक तथा समावेशि संवेदनशील कार्य प्रणाली** | |
| | महिला हिंसा नियन्त्रणको लागि आचारसहिंता नबनाईको साथै हिंसा भएमा सुनवाईको ब्यवस्था पनि नरहेको । |
| | महिला कर्मचारीहरुलाई जोखिम युक्त काम गर्न नलगाए पनि महिला कर्मचारीहरुको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धमा विशेष सुविधा दिने कुरामा ध्यान दिन नसकेको साथै हालसम्म महिला र पुरुषको छुट्टा छुट्टै शौचालयको ब्यवस्था पनि नभएको । |

**क्षेत्र२. स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक सामवेशी कार्यक्रमको मूलप्रवाहिकरण**

| | |
|---|---|
| **२.१. लैङ्गिक तथा समावेशि विकासको लागि क्षमता विकास बजेट** | |
| **सबल पक्ष** | **सुधार गर्नुपर्ने पक्ष** |
| | लैङ्गिक समानता तथा समाजिक समावेशिकरण सम्बन्धि तालिम कार्यलयका कर्मचारी र नगरका सबै वडा सचिव र समाजिक परिचालकहरु सम्मको लागि पर्याप्त बजेटको ब्यवस्था हुन नसेको ।सम्पन्न भएका क्षमता अभिबिद्धका तालिमहरुमा पनि बिषय बस्तु प्रस्तुतिकरणमा लैङ्गिक संवेदनशिल भाषाको प्रयोगमा पनि खासै ध्यान दिन नसकेको । |
| **२.२. क्षमता विकास कार्यक्रममा महिला परुष सहभागिता** | |
| उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाको सहभागितामा सुनिश्चिता गरिएको । | उपभोक्ता समुहका महिला तथा लक्षित समुहका पदाधिकारीहरुको लागि लैससास तालिमको ब्यवस्था नभएको । साथै क्षमता अभिबृद्धि तालिममा महिला र लक्षित समुहका वर्गसंग तालिम संचालन गर्नुपूर्वको तयारी छलफलमा पनि<br>सहभागि नगराइएको । |
| **२.३.स्थानीय निकायको क्षमता विकास कार्ययोजना** | |
| लक्षित वर्गहरुको क्षमता विकास कार्यक्रम र बजेट बांडफांड तथा प्राथमिकिकरणको लागि छलफल प्रकृयामा सरोकारवालाहरुलाई समान रुपामा सहभागि गराईएको । | स्थानीय निकायको क्षमता अभिबृद्धि योजना नभएको हुंदा त्यस योजनामा समेटिनु पर्ने नगर स्तरीय लैससास कार्यन्वयन समितिको क्षमता बढाउने कार्यक्रम समावेश गराउनको साथै लैङ्गिक तथा सामाजिक समावेशिकरण बजेट परिक्षणको लागी बजेट बिनियोजन नभएको । |

**क्षेत्र३. लक्षित कार्यक्रम**

| | |
|---|---|
| **३.१. कार्यक्रम तर्जुमा गर्दा लक्षित समुहको सहभागिता** | |
| कार्यक्रम तय गर्दा महिला तथा बालबालिकाको क्षमता विकास हुने कार्यक्रम तर्जुमा गरिएको, साथै लीक्षत बर्गको लागि बजेट विनियोजन गरि योजना कार्यन्वयन गर्ने गरिएको | योजना तर्जुमा गर्दा पिछडिएको वर्ग र महिलाहरुको समस्या विश्लेषण गर्ने गरिएको छैन । |

| ३.२ महिला उत्थानका लागि कार्यक्रमहरु | |
|---|---|
| | १.महिलाहरुका लागि हालसम्म कानुनि कार्यक्रम संचालन गर्ने नसकेको । साथै चेलिबटी बेच विखन विरुद्धको चेतना मूलक कार्यक्रम संचालन हुन नसकेको । २. महिलाहरुको शिक्षा र स्वास्थ्य सम्बन्धि विषेश कार्यक्रमहरु पनि हालसम्मसंचालन गर्न सकिएको छैन । |
| **३.३. स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरु** | |
| स्थानीय स्तरको योजना तर्जुमा गर्दा लक्षित वर्गका समुदायहरुको र महिलाहरुको सहभागिता हुने गरेको छ । साथै योजना तर्जुमा गर्दा महिलालाई लाभ हुने योजनाहरु राख्ने गरिएको छ । | परिवार नियोजना विस्तारीत खोप आदि जस्ता कार्यक्रमहरु तर्जुमा गर्ने नगरिएको हुंदा यस्ता किसिमका योजनाहरुबाट लक्षित समुह लाभान्वित हुने नसकेको । |

**क्षेत्र ४.लैङ्गिक तथा सामाजिक समाबेशी योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्यांकन**

**क्षेत्र५.आन्तरिक संरचना**

| ४.१. योजना तर्जमामा लैङ्गिक तथा समाजिक समावेशिकरण | |
|---|---|
| गत वर्ष तर्जुमा गरिएको लैससास सम्बन्धि सबै कार्यक्रमहरु सम्पन्न भएका छन् । | १.समुदायस्तरका आवश्यक सूचना र तथ्याङ्कहरु संकलन गरीएको छैन। २. गत वर्ष लैससास विकासको कार्यक्रम तर्जुमा गरिएको थिएन । |
| | योजना तर्जुमा गर्दा महिला र पुरुषको अलग अलग अवस्था विश्लेषण गर्ने नगरिएको साथै योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेशि विकासको अवधारण अनुरुप गर्ने पनि गरिएको छैन । |
| **४.२.योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समाबेशि बिकाश** | |
| योजना कार्यन्वयनमा महिला पुरुषको सहभागिता हुने गरेको छ भने यस्ता कार्यक्रमबाट लक्षित समूहका वर्गहरु लाभान्वित भएका छन् । | जिविसको सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहिकरण तथा सामजिक समावेशिकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने नगरिएको । |
| उपभोक्ता समितिले कार्यन्वयन गर्ने योजनामा महिला तथा लक्षित समूहको सहभागिता रहेको साथै उपभोक्ता समितिको मुख्य पद मध्ये एउटामा (अध्यक्ष, सचिव र कोषादक्ष ) महिला रहेको । | लक्षितवर्गका कार्यक्रमहरु तर्जुमा गरिए पनि त्यस्ता योजना बाट ती वर्गले पूर्ण रुपमा लाभ लिन सकेको बारेमा शुनिश्चित हुन नसकेको । |
| **४.३. अनुगमन र मूल्याङ्कन** | |
| नगरपालिकाको अनुगमन समितिमा महिलाहरुको सहभागिता रहेको छ । | नगरपालिकाको समग्र योजनाहरुको अनुगमन मूल्याङ्कनमा महिला सहभागि हुने गरेको छैन भने योजना मूल्याङ्कन गर्दा र कार्यान्वयन गर्दा लक्षित वर्गलाई पुगेको लाभ, असर र प्रभावको बारेमा मूल्याङ्कन हुन नसकेको । |
| | जिविसका योजना अनुगमनमा लैससास विकासको असर मापन गर्ने कुनै नीति बनेका छैनन् । |

| ५.१.स्थानीय निकायमा महिला तथा लक्षित समुहको सहभागिता | |
|---|---|
| **सबल पक्ष** | **सुधार गर्नुपर्ने पक्ष** |

| | |
|---|---|
| नगर स्तरमा आदिवासी जनजाति  दलित र महिला वर्गको विकासको लागि समन्वयन समिति गठन भएको | नगर स्तरमा आदिवासी जनजाति  दलित र महिला वर्गको विकासको लागि समन्वयन समिति गठन भएपनि  उक्त समितिमा निर्देशिका वमोजिम महिला सहभागिता गराई र उक्त समिहिरु लक्षित वर्गको कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भूमिका निभाउनको लागि नगरपालिकाले शुनिश्चतता गर्न नसकेको । |
| **५.२.वित्त तथा लेखा व्यवस्थापन** | |
| आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकासको लागि वजेटको व्यवस्था भएको र उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा पनि गर्ने गरिएको | महिला विकासको लागि छुट्टै कोष स्थापना नभएको । र महिला बिकासको लागि उनीहरुको सक्रिय सहभागितामा कार्यक्रम  तर्जुमा नभएको । |
| नगरपालिकामाकम्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ । | कार्यलयमा लैङ्गिक डेस्कको विकासको लागि वजेटको व्यवस्था नभएको । |
| **५.३.स्थानीय निकायमा गठित समिति** | |
| नगर स्रोत अनुमान समिति, नगरपालिका एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरूमा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायकोसहभागिता हुने गरेको छ | नगर स्तरीए लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन हुन सकेको छैन । |
| स्थानिय निकायको योजना प्रक्रियामा सबै वर्ग समुदायका सहभागिता सुनिश्चित गरिएको छ । | स्थानीय निकायको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा नगरस्तरीयविभिन्नसमितिहरूबाट सहभागिता हुनसक्ने गरीसुनिश्चित गरिएको छैन । |

**क्षेत्र६. सुशासन**

| **६.१. पारदर्शिता/ जफावदेहिता** | |
|---|---|
| **सबल पक्ष** | **सुधार गर्नुपर्ने पक्ष** |
| स्थानीय निकायले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गरेको । | बर्षमा एक चोटि सार्वजनिक सुनुवाई गर्ने गरेता पनि निर्देशिका बमोजिम चौमासिक रुपमा भने गर्ने गरिएको छैन । |
| महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ । | स्थानीय निकायको समिक्षा बठैकमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई लक्षित वर्गहरुको सहभागिता भने न्यून हुने गरेको साथै समिक्षा बैठकमा त्यस वर्गको बारेमा छलफल पनि हुने गरेको छैन । |
| | स्थानीय निकायले महिला, बालबालिका सबै जातजातिकाविपन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम,पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिकलगायतलाई सेवा सुविधाहरू छिटो छरिता ढंगबाट दिने गरे पनि यि बर्गलाई सेवा प्रदान गर्दा विशेष प्रकारको व्यवस्था भने अपनाईएको |

| | |
|---|---|
| | छैन । |
| **६.२. सूचना व्यवस्थापन** | |
| स्थानीय निकायले आ-आफ्ना क्षेत्रका पन्जीकरणको तथ्याँकअध्यावधिक गर्ने गरेका छन् । | कार्यलयमा सूचना तथा अभिलेख केन्द्रको बिकाशको लागि बजेटको व्यवस्था नभएको । |
| | स्थानीय निकायले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि योजना तर्जुमा गर्ने नगरेको र त्यस्ता तथ्याङ्कहरुलाई कम्पुटर प्रणालीमा पनि राख्ने गरेको छैन । |
| **६.३. सूचना शिक्षा र संचार** | |
| नगरपालिकाले स्थानीय रेडियो, एफ.एम. र छापामाध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ। | स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा गुणात्मक रुपमा वृद्धि नभएको र ति वर्गहरु विकासका कार्यहरुमा उल्लेख्य रुपमा सक्रिय सहभागि भएको पनि देखिएको छैन । |
| स्थानीय निकायले स्थानीय पत्रकारहरूद्धारा स्थानीय स्तरमा सूचना प्रवाह गर्ने गरेको छ । | |

**क्षेत्र७. मानव संसाधन र सम्वन्ध विस्तार**

| **७.१.मानव संसाधन व्यवस्थापन** | |
|---|---|
| **सबल पक्ष** | **सुधार गर्नुपर्ने पक्ष** |
| | नगरपालिकामा मानव संसाधन विकास केन्द्र इकाई स्थापना भएको छैन । लैङ्गिक उत्तरदायि बजेट बिषयमा तालिम दिन सक्ने स्थानिय व्यक्तिहरु तयार नभएको । |
| | बैदेशिक रोजगारीमा जाने महिलाहरूको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन भएको छैन । |
| **७.२. संबन्ध विस्तार** | |
| | नगरपालिका स्तरीय  लैङ्गिक समानता तथा सामाजिक समावेशी विकाशका लागि विभिन्न कार्यलयबीच कार्यगत संयन्त्र हाल सम्म बन्न नसकेको । |
| | स्थानीय निकायमा लैङ्गिक समानता तथा समावेशि विकासको लागि बिभिन्न कार्यलयको विच कार्यगत छलफल गरि यस क्षेत्रको विकासको लागि कार्य गर्नुपर्ने |

| | |
|---|---|
| | साथै कार्यलयका कर्मचारीहरुको लागि लैससास  तालिम संचालन गर्नुपर्ने । |
| | नगरपालिकामा लैङ्गिक तथा समाजिक प्रभाव सम्बन्धि कुनैपनि अध्ययन भएको छैन । |
| **७.३.व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति** | |
| स्थानीय स्तरको योजना तर्जुमा गर्दा महिलाहरुको व्यवहारिक आवश्यकता पहिचान गर्ने गरिएको छ । | योजना तर्जुमा गर्दा महिलाहरूको व्यवहारिकतालाई ध्यान दिएता पनि  रणनीतिकआवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छैन । |
| | नगरपालिकाले ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य रपूर्वाधार सम्बन्धी प्राविधिक) तयार गर्ने गरि त्यस किसिमको प्राविधिक तालिम प्रदान गरेको छैन । साथै महिलाहरुको लागि लोकसेवा आयोगको पूर्वतयारी कक्षाको लागि बजेट विनियोजन  गरिएको छैन । |
| | लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि कार्यलयमा  अल्पकालीन  र दीर्घकालीन योजना तयार पार्नुपर्ने देखिएको छ  । |

**क्षेत्र ८.नेपाल सरकारका  लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिबद्धताहरुको कार्यान्वयन**

| **८.१. नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | |
|---|---|
| **सबल पक्ष** | **सुधार गर्नुपर्ने पक्ष** |
| | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारेमा स्थानीय निकायका पदाधिकारीहरू वा कर्मचारीहरूलाई अभिमुखीकरण नभएको । |
| | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको छैन |
| | स्थानीय स्तरमा कार्यकमहरु र बजेट विनियोजन सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने अनुरुप बजेट विनियोजन तथा  कार्यक्रमहरू पनि तर्जुमागर्ने गर्नेनगरिएको हुंदा यसको बारेमा नगरस्तरीय  योजना बनाई कार्यन्वयन गर्न आवश्यक देखिएको । |
| **८.२.महिला विरुद्व हुने सवै खाले हिंसा निर्मूल पार्ने** | |
| | १.महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सोअनुसारको बजेट विनियोजन गर्ने गरको छैन । |
| | हालसम्म  लैङ्गिक हिंसा रहित नगरपालिका अथवा वडा घोषणा गरेको छैन |
| महिलाहरुको क्षमता विकास कार्यकमको बजेट बिनियोजन गरिएको । | नगरस्तरीय अन्य कार्यालयहरुको सहकार्यमा १६ दिने महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने |

| | |
|---|---|
| | कार्यक्रमहरू स्थानीय निकायहरूले संचालन गर्ने गरे पनि उत्कृष्ट कार्य गर्ने महिलाहरूलाई सम्मान गर्ने गरिएको छैन । |
| | महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाउनकोलागि कुनै नीतिगत ब्यवस्था गरिको छैन। लैङ्गिक हिंसा रहित नगरपालिका धोषिणा गर्नको लागि कुनै ठोस कार्यनीति पनि बनेको छैन । |
| **८.३ नेपाल सरकारका सामाजिक समावेशि विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन** | |
| संयुक्त राष्ट्रसंधीय बाल अधिकार महासंधिमा गरिएको प्रतिवद्धता अनुरुप बजेट र कार्यकम कार्यान्वयन गर्ने गरिएको | सयुक्त राष्ट्रसंधीय सुरक्षा परिषदबाट पारिट १३२५ र १८२० को राष्ट्रिय कार्यनिति अनुरुप स्थानीय स्तरमा कार्यकम नबनेको साथै कर्मचारीहरु लाई यस विषयमा हाल सम्म जानकारीपनि गराईएको छैन । |
| | समाजमा रहेको जातीगत छवाछुत हटाउने कार्यकमहरु हाल सम्म संचालन गर्ने गरेको छैन । |

## ११.लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

### १ स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास

| उदेश्यहरु | कियाकलाप | समयावधि | बजेट | जिम्मेबारी |
|---|---|---|---|---|
| लैङ्गिक तथा समाबेशि बिकाशको लागि प्रयाप्त बजेटको ब्यवस्था भई नीतिको निर्माण भएको हुनेछ । | १.क्षमता विकासको Need Assesmentगरी लैससास मैत्रि तालिम दिने नीति बनाउने<br>२.परिषदबाट लैससास विकासको लागि प्रयाप्त मात्रामा बजेट बिनियोजन गर्ने | २०७३ पौष | २ लाख<br>आवश्यकता अनुसार | योजना शाखा/सामाजिक विकाश शाखा र कार्यकारी अधिकृत |
| नगरपालिकाको क्षमता बिकास योजना बनेको हुनेछ । | १. क्षमता विकाश योजनाको लागि कार्य योजना बनाई कार्य संचालन गर्ने ।<br>२.कार्यलयका महिला कर्मचारी र लैससास समितिका पदाधिकारीहरुको क्षमता विकास सम्बन्धित तालिम संचालन गर्ने ।<br>३. लैससास परिक्षण र लै.उ.ब.को लागि बजेट बिनियोजन गर्ने | २०७३ साउन<br>२०७३ माघ<br>२०७३ पौष भित्र | १ लाख<br>२ लाख<br>१ लाख | कार्यकारी अधिकृत/प्रशासन अधिकृत/योजना अधिकृत |

**२. स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक सामवेशी कार्यक्रमको मूलप्रवाहिकरण**

| उदेश्यहरु | कियाकलाप | समयावधि | बजेट | जिम्मेबारी |
|---|---|---|---|---|
| नगरपालिकामा लैससासको नीति बनेको हुनेछ । | १. नगरपलिकाको बार्षिक नीति तथा कार्यक्रममा लैससास सम्बन्धि दिर्घकालिन सोच समावेश गर्ने<br>२. लैङ्गिक समानता तथा समाजिक समाबेशिकरणको बिकासको नीति बनाउने | २०७३ पौष भित्र | ३ लाख | कार्यकारी अधिकृत तथा नगरपालिकाका कर्मचारीहरु |
| महिला र पुरुष समविकास हुने गरि विनियमावलि बनेको हुनेछ | लैससास नीतिलाई टेवा पुग्ने खालको कर्मचारी बिनियमावलि बनाउने | २०७३ पौष भित्र | २ लाख | कर्मचारी प्रशासन शाखा |
| लैङ्गिक मैत्रि कार्यलय बनाउनको लागि आचारसहिंता बनि लागु भएको हुनेछ | १.महिला हिंसा नहुने र महिला संवेदनशिलता लाई ध्यान दिएको आचारसहिंता तयार गर्ने<br>२. महिला र पुरुष शौचालयको ब्यवस्था गर्ने | २०७३ असार भित्र | ………….. | नगरपालिका |

**३. लक्षित कार्यक्रम**

| उदेश्यहरु | कियाकलाप | समयावधि | बजेट | जिम्मेबारी |
|---|---|---|---|---|
| लक्षित वर्गको चेतनाको र ज्ञानमा बृद्धि भएको हुनेछ | लक्षित वर्गहरुको बिचमा चेतना अभिबृद्धि गर्नको लागि छलफल कार्यक्रम संचालन गर्ने | नियमित | | समाजिक विकाश शाखा, सामाजिक परिचालक |
| शुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धि चेतनाको विकाश भएको हुनेछ | महिला प्रजनन् स्वास्थ्य सम्बन्धि तालिम संचालन गर्ने | २०७३ असार मसान्त भित्र | १ लाख | सामाजिक बिकाश शाखा |
| महिला अधिकारको बारेमा जानकारी भई महिला हिंसामा कमि हुनेछ | महिलाहरुलाई कानूनी अधिकारको बारेमा अनुशिक्षण कार्यक्रम संचालन गर्ने | २०७३ भाद्र मसान्त भित्र | १लाख ५० हजार | सामाजिक बिकाश अधिकृत |

**४.लैङ्गिक तथा सामाजिक समाबेशी योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्यांकन**

| उदेश्यहरु | कियाकलाप | समयावधि | बजेट | जिम्मेबारी |
|---|---|---|---|---|
| लक्षित समुहको आवश्यकता अनुसारको योजना तर्जूमा हुनेछ । | १.खण्डिकृत तथ्याङ्क अध्यावधि गर्ने<br>२. महिला, पुरुष र लक्षित वर्गको छुट्टा छुट्टै विश्लेषण र पहिचानहुने कार्यकम गर्ने । | २०७३ असार भित्र | ५ लाख | नगरपालिका तथ्याङ्क शाखा |
| लैङ्गिकविकाशको लागि अझ सशक्त रुपमा अगाडि बढ्ने । | महिला र पुरुषको छुट्टा छुट्टै अवश्था विश्लेषण गर्ने | नियमित | ५० हजार | सामाजिक बिकाश शाखा |
| लैङ्गिक विकासको अवसर प्राप्त हुने | नगरपालिकामा लैङ्गिक विकासका असर अनुगमन गर्ने | २०७३ असार मसान्त सम्म | २५ हजार<br>....... | कार्यकारी अधिकृत र सामाजिक विकास अधिकृत |

**५.आन्तरिक संरचना**

| उदेश्यहरु | कियाकलाप | समयावधि | बजेट | जिम्मेबारी |
|---|---|---|---|---|
| योजना तर्जुमा, कार्यन्वयन र अनुगमन मूल्याङ्कनमा लक्षित समुहको सहभागिता बढ्ने छ । | १. लक्षित वर्गहरुको लागि क्षमता विकास तथा सचेतनाका कार्यकम संचालन गर्ने<br>२.लक्षित वर्गका भूमिका र जिम्मेवारीलाई स्पष्ट किटान गर्ने | २०७३ साल सम्ममा | १ लाख | सामाजिक विकास अधिकृत |
| कार्यकम र बजेट अनुगमनमा महिला समन्वयन समिति सकिय रुपमा सहभागि हुनेछ | १. महिला समन्वयन समिति लाई क्षमता अभिबृद्धिका कार्यकम संचालन गर्ने<br>२. कार्यकम कार्यन्वयनका लागि जिम्मेवार व्यक्ति तोक्ने | २०७३ साल भित्र | ८० हजार | सामाजिक बिकाश अधिकृत र योजना शाखा |
| लैङ्गिक बिकास | १. महिलाहरुको | २०७३ साल भित्र | १लाख | सामाजिक विकास |

| | | | | |
|---|---|---|---|---|
| डेस्कको लागि बजेटको व्यवस्था हुनेछ | समस्याको पहिचान गर्ने<br>२.समस्यालाई सूचिकृत गर्ने यसको आधारमा बजेट विनियोजन गर्ने | | | शाखाल |
| लैससास समितिको गठन हुनेछ | निर्देशिका बमोजिम भेला गराई समिति गठन गर्ने । | २०७३ असार भित्र | १० हजार | कार्यकारी अधिकृत |

## ६. सुशासन

| उदेश्यहरु | कियाकलाप | समयावधि | बजेट | जिम्मेबारी |
|---|---|---|---|---|
| खण्डीकृत सूचना तथा अभिलेखको आधारमा नगरपालिकाको योजना तर्जुमा हुनेछ | १. सूचना संकलन<br>२.सूचना प्रशोधन<br>३.सूचनाको अभिलेखिकरण | १. नियमित रुपमा | १ लाख | सूचना अधिकृत |
| सूचनाको अभिलेखिकरण हुनेछ र कम्पुटरकृत गरिनेछ । | १. कम्पूटर खरिद गर्ने<br>२. अपरेटरको क्षमता विकास गर्ने<br>३. नगर सूचना केन्द्रको स्थापना गर्ने | २०७३/०७४ सम्म | ३ लाख | कार्यकारी अधिकृत |

## ७. मानव संसाधन र सम्वन्ध विस्तार

| उदेश्यहरु | कियाकलाप | समयावधि | बजेट | जिम्मेबारी |
|---|---|---|---|---|
